प.स. प्रमलाइ/क.स./च.नं.-३२८-२०८१/८२ मिति : २०८१/०५/२३

श्री नेपाल स्टक एक्सचेन्ज लि.
भद्रकाली मार्ग, काठमाडौं ।

**विषय : जानकारी गराइएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८१/०५/२३ दिनको ३:३० बजे सम्पन्न संचालक समितिको १७ औं बैठकबाट मिति २०८१ असोज २३ गते निम्नानुसार साधारण प्रस्ताव तथा विशेष प्रस्तावमा छलफल तथा निर्णय गर्न सातौं वार्षिक साधारण सभा आव्हान गर्ने निर्णय भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

**१. साधारण प्रस्ताव**

**क.** अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

**ख.** लेखापरीक्षकको प्रतिवेदन सहितको साविक महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. को आर्थिक बर्ष २०७९/८० को २०८० असार २८ सम्मको तथा प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. को आर्थिक वर्ष २०७९/८० को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु पारित गर्ने ।

**ग.** कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.ब.२०८०/८१ को लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।

**घ.** स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने ।

**ङ.** प्रबन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरूले फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पुर्ण अख्तियारी प्रदान गर्ने ।

**२. विशेष प्रस्ताव :**

**क.** आ.व.२०७९/८० को संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पुँजीको १० प्रतिशतका दरले हुन आउने रकम बराबरको बोनस शेयर वितरण गर्ने तथा सो बापतको हुन आउने कर प्रयोजनको निमित्त ०.५२६ प्रतिशत को नगद लाभांश पारित गर्ने ।

**ख.** छैठौं साधारण सभाबाट तत्कालिन चुक्ता पूँजीको १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय भएकोमा सो निर्णय पुनरावलोकन गरी बोनस शेयर वितरण पश्चात कायमहुने आउने चुक्ता पूँजी को ७ प्रतिशत बराबर को हकप्रद शेयर जारी गर्ने ।

प्रधान कार्यालय: कमलादी, काठमाण्डौ

ग. बोनश शेयर तथा हकप्रद शेयर जारी पश्चात हुन आउने रु. ५,०५,६३,९२,००० बराबर चुक्ता पुंजी कायम गर्ने तथा सोही अनुसार प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

घ. कम्पनी ऐनको दफा १०५ (१) (ग) मा भएको व्यवस्था बमोजीम संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत खर्च भएको रु.३,७५,३२२/- अनुमोदन गर्ने ।

भवदीय,

prabhu Mahalaxmi Life
प्रधान कार्यालयः कमलादी, काठमाण्डौ

किशोर प्रसाद लामिछाने
कम्पनी सचिव